सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

१४औं

वार्षिक प्रतिवेदन

२०८१/०८२

14th ANNUAL REPORT

FY 2024/2025

केन्द्रीय कार्यालय: बनेपा-१३, काभ्रेपलाञ्चोक

कर्पोरेट कार्यालय: महालक्ष्मी-४, ललितपुर

www.swmfi.com.np

सञ्चालक समिति



लेखनाथ खनिया
अध्यक्ष



विन्दीया श्रेष्ठ प्रधान
सञ्चालक



अनन्तकुमार श्रेष्ठ
सञ्चालक



दधि राम पौड्याल
सञ्चालक



शिव प्रसाद मिश्र
सञ्चालक



कमल भण्डारी
सञ्चालक



माधव प्रसाद भट्ट
स्वतन्त्र सञ्चालक

विषयसूची

क्र.सं.	विषय	पेज नं.
१.	वित्तीय संस्था सम्बन्धी संक्षिप्त जानकारी	१
२.	साधारण सभा सम्बन्धी सूचना	३
३.	सञ्चालक समितिको वार्षिक प्रतिवेदन	५
४.	सञ्चालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धी अन्य थप विवरणहरू	१५
५.	लेखापरीक्षकको प्रतिवेदन	२०
६.	वित्तीय अवस्थाको विवरण	२५
७.	नाफा/नोक्सानको विवरण	२६
८.	अन्य विस्तृत आम्दानीको विवरण	२७
९.	इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण	२८
१०.	नगद प्रवाह विवरण	२९
११.	वितरण योग्य मुनाफाको विवरण	३०
१२.	लेखासँग सम्बन्धी थप विवरण र अनुसूचीहरू	३१
१३.	प्रमुख सूचकाङ्क	८०
१४.	परिष्कृत र अपरिष्कृत वित्तीय विवरण बिच तुलना	८१
१५.	नेपाल राष्ट्र बैकबाट वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने स्वीकृति पत्र	८३
१६.	नेपाल राष्ट्र बैकको निर्देशनहरू उपर सञ्चालक समितिको बुँदागत प्रत्युत्तर	८४
१७.	संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालनाको प्रतिवेदन	८५
१८.	संशोधन सम्बन्धी तिन महले	९२
१९.	धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित	९३
२०.	नेपाल राष्ट्र बैकको निर्देशन, २०८१ को निर्देशन नं. १९ बुँदा नं. ८(च) सँग सम्बन्धित विवरण	९५
२१.	व्यवस्थापन समूह तथा कार्यालय विवरण	९६
२२.	प्रोक्सी फारम	१०३
२३.	टिपोट पाना	१०५
२४.	संस्थाको प्रगति झलक	१०६

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लि.
Suryodaya Womi Laghubitta Bittiya Sanstha Ltd.
२०६८

वित्तीय संस्था सम्बन्धी संक्षिप्त जानकारी

वित्तीय संस्थाको नामः सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
अंग्रेजीमा नामः Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
कम्पनीको प्रकारः पब्लिक लिमिटेड कम्पनी
कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं.: १२९६।०६७।०६८ दर्ता मितिः २०६८।०२।२६
स्थायी लेखा नं.: ६००१०९९९२
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त नं. ने.रा.बैक/इ.प्रा./ "घ"/२२/०६८/०६९

संस्थाको संक्षिप्त चिनारी:

- नेपाल राष्ट्र बैंकबाट मितिः २०६८ साल फाल्गुन १९ गते ''घ'' वर्गको लघुवित्त वित्तीय संस्थाको इजाजतपत्रप्राप्त गरी मिति २०६८ साल फाल्गुन २५ गते अन्तर्राष्ट्रिय नारी दिवसको दिन देखि कारोबार सञ्चालन गरेको ।
- केन्द्रीय कार्यालयः बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक र कर्पोरेट कार्यालयः बागमती प्रदेश, महालक्ष्मी नगरपालिका वडा नं. ४, ललितपुरमा रहेको ।
- नेपाल राष्ट्र बैंकबाट भुक्तानी सेवा प्रदायक अनुमति पत्र नं. ७८/२०८०/०८१ मितिः २०८०/०७/२४ गते प्राप्त गरेको ।
- नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त गरेका पाँचवटा लघुवित्त वित्तीय संस्थाहरू विभिन्न मितिमा मर्जर भई सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट वित्तीय कारोबार गरिएको ।

भौगोलिक कार्यक्षेत्र:

बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिकाको वडा नं.-१३, साँगामा केन्द्रीय कार्यालय रहेको यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी नगरपालिका वडा नं.-४, ललितपुरमा रहेको छ । राष्ट्रियस्तरको यस वित्तीय संस्थाले नेपालको ७७ जिल्ला मध्ये ५५ जिल्लाहरूमा शाखा विस्तार गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ ।

प्रदान गर्ने सेवा:

लघु कर्जाः	विना धितो कर्जा अधिकतम ७ लाखसम्म र धितो सुरक्षणमा आधारित कर्जा रू. १५ लाखसम्म ।
लघु बचतः	ग्राहक सदस्यहरूबाट बचत संकलन ।
ग्राहक संरक्षण कार्यक्रम : (ऋणी तथा सदस्यका लागि)	कर्जा सुरक्षण, दिर्घरोगका लागि औषधी उपचार खर्च, प्रसुती खर्च, सदस्य तथा अभिभावकको मृत्यु हुँदा राहत, सदस्यको छोराछोरीलाई छात्रवृद्धि, सीपमुलक तालिम, सदस्य र अभिभावक भेला तथा उत्कृष्ट समूहलाई पुरस्कार, सदस्य गुनासो सुनुवाई, व्यवसायिक तरकारी खेती तालिम तथा विउ विजन वितरण, प्राकृतिक विपत्तिमा आर्थिक राहत, अध्ययन अवलोकन भ्रमण, नेतृत्व तथा क्षमता अभिबृद्धिमा अवसर आदि ।
सामाजिक उत्तरदायित्वः (समुदायका लागि)	शिक्षा (विद्यालय स्तरमा हाजिर जवाफ प्रतियोगिता, शैक्षिक सामाग्री वितरण, विपन्न विद्यार्थीलाई अतिरिक्त कक्षा सञ्चालनमा सहयोग), वातावरण संरक्षण (फोहरदानी वितरण, बृक्षारोपण), ट्राफिक बेल्ट वितरण, खेलकुद कार्यक्रममा आर्थिक सहयोग, स्वास्थ (शिविर सञ्चालन, अस्पताललाई सहयोग), स्थानीय स्तरमा कृषि, पर्यटन, उद्योग, बृद्धाश्रममा सहयोग आदि ।
विप्रेषण सेवाः	esewa, Khalti, Nepal Clearing House Ltd., Mobile Finance Technology Pvt. Ltd. जस्ता कम्पनीहरूसँगको साझेदारीमा रकम ट्रान्सफर सेवा ।
डिजिटल बैंकिङः	SMS बैंकिङ र मोबाइल बैंकिङ सेवा ।

लक्षित वर्ग

स्वच्छ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्तीय सेवा प्रदान गर्ने, व्यवसायिक स्पले सम्भाव्य देखिएका क्षेत्रमा आन्तरिक तथा बाह्य स्रोतबाट वित्तीय साधन जुटाई व्यापारिक एवं कृषि क्षेत्रको विकास गर्ने उद्देश्य रहेको यो वित्तीय संस्थाले निम्न लक्षित वर्गमा कार्य गर्ने आफ्नो नीति तय गरेको छ ।

- अन्य बैंक तथा वित्तीय संस्थाको पहुँचबाट बञ्चित भई जीवन निर्वाह गर्नको लागि आफ्नो सिपलाई प्रयोग गर्न नपाएका महिला तथा पुरूषहरू ।
- आर्थिक रूपले विपन्न वर्ग ।
- साधारण तथा सजिलो समूहमा आवद्ध भई अनिवार्य समूह तालिम लिएको स्थानीय एक घरको एक जना ।
- कर्जाको लगानी तथा असुलीमा सामूहिक दायित्व बहन गर्न सक्ने एवं व्यक्तिगत जमानत प्रदान गर्न सक्षम व्यक्ति ।
- १६ वर्ष पुरा भई ६५ वर्ष उमेर ननाघेका महिला तथा पुरूषहरु ।
- संस्थाको कार्यक्षेत्र भित्र बसोबास भएका अधिकतम् ५० जना सम्मका स्थानीय महिला तथा पुरूषहरूको समूह ।

प्रदेश तथा जिल्लागत शाखा कार्यालयहरु

क्र.सं.	जिल्ला	शाखा	प्रदेशको नाम	कुल शाखा
१	सुनसरी	२	कोशी प्रदेश	१५
२	ओखलढुङ्गा	१		
३	मोरङ	४		
४	झापा	४		
५	ईलाम	१		
६	उदयपुर	१		
७	तेह्रथुम	१		
८	धनकुटा	१		
९	रौतहट	६	मधेश प्रदेश	३८
१०	सप्तरी	१		
११	सर्लाही	९		
१२	बारा	६		
१३	महोत्तरी	५		
१४	पर्सा	४		
१५	सिराहा	२		
१६	धनुषा	५		
१७	रसुवा	१	बागमती प्रदेश	२८
१८	रामेछाप	२		
१९	दोलखा	१		
२०	मकवानपुर	३		
२१	भक्तपुर	१		
२२	नुवाकोट	१		
२३	सिन्धुपाल्चोक	२		
२४	सिन्धुली	५		
२५	चितवन	५		
२६	ललितपुर	१		
२७	काठमाडौं	१		
२८	काभ्रेपलाञ्चोक	२		
२९	धादिङ	३		

क्र.सं.	जिल्ला	शाखा	प्रदेशको नाम	कुल शाखा
३०	स्याङ्जा	९	गण्डकी प्रदेश	३४
३१	बागलुङ	३		
३२	मुस्ताङ	१		
३३	मनाङ	१		
३४	म्याग्दी	१		
३५	नवलपरासी (ब.सु.पू)	४		
३६	पर्वत	३		
३७	लमजुङ्ग	४		
३८	कास्की	२		
३९	तनहुँ	३		
४०	गोरखा	३		
४१	रोल्पा	१	लुम्बिनी प्रदेश	४७
४२	रूपन्देही	६		
४३	बाँके	४		
४४	बर्दिया	४		
४५	दाङ	२		
४६	अर्घाखाँची	३		
४७	नवलपरासी (ब.सु.प.)	५		
४८	पाल्पा	४		
४९	प्युठान	५		
५०	कपिलबस्तु	४		
५१	गुल्मी	९		
५२	सल्यान	१	कर्णाली प्रदेश	२
५३	सुर्खेत	१		
५४	कैलाली	६	सुदुरपश्चिम प्रदेश	७
५५	कञ्चनपुर	१		
जम्मा	**५५**	**१७१**		

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
केन्द्रीय कार्यालयः बनेपा- १३, साँगा, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालयः महालक्ष्मी-४, ललितपुर
Email: info@swmfi.com.np, Webiste: www.swmfi.com.np

चौधौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना !

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२ पौष ८ गते बसेको २४१औं बैठकको निर्णयानुसार कम्पनीको चौधौँ वार्षिक साधारण सभा (आ.व.०८१/८२) निम्न मिति, समय र स्थानमा देहायमा उल्लेखित विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८२ पौष ३० गते बुधवार, (तदनुसार १४ जनवरी, २०२६)

समय : दिउँसो १२:३० बजे

स्थान : महालक्ष्मी नगरपालिका वडा नं.-८, लुभु, ललितपुर स्थित लुभु पार्टी प्यालेस एण्ड क्याटरिङ्ग सेण्टरको सभाहल

छलफलका विषयहरु :

क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, २०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०८२/८३ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) विशेष प्रस्तावहरु :

१. संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ६७.२९ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ३२.७१ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२. भविष्यमा अन्य लघुवित्त संस्थासँग मर्जर तथा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग मर्जर/प्राप्ती सम्बन्धी सम्झौता पत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ती सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग) विविध प्रस्तावः

साधारण सभा सम्वन्धी थप जानकारी

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको विहान १०:३० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ ।

२. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२ पौष १८ गते एक दिनका लागि वित्तीय संस्थाको शेयरधनी दर्ता किताव बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द (Book Close) हुनुभन्दा अघिल्लो दिनसम्म कारोबार भई शेयर खरिद गरी नियमानुसार निजहरुको नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन सक्नु हुनेछ ।

३. शेयरधनी महानुभावहरुको सुविधा तथा जानकारीको लागि संक्षिप्त वार्षिक प्रतिवेदन यसै सूचनाको साथ प्रकाशित गरिएको छ । कार्यालय समय भित्र यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय: महालक्ष्मी-४, ललितपुरबाट कार्यालय समयमा वा यस वित्तीय संस्थाको वेबसाइट www.swmfi.com.np बाट समेत उक्त वार्षिक प्रतिवेदन प्राप्त गर्न सकिनेछ । सभामा भाग लिन खोलिएको (डिम्याट) नं. र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै: नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ । भर्चुअल माध्यमबाट सभामा सहभागी हुन चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ७ दिन अगावै कर्पोरेट कार्यालयमा नाम सहितको विवरण टिपोट गराउनु पर्नेछ । टिपोट गराएका शेयरधनीलाई आवश्यक Link उपलब्ध गराइनेछ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी कर्पोरेट कार्यालय महालक्ष्मी-४, ललितपुरमा सभा सुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ ।

५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६. प्रतिनिधी मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वत: बदर हुनेछ ।

७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९. छलफलको विषयअन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा सामवेश गरिने छैन ।

१०. साधारण सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नु परेमा कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सुचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन । कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको कर्पोरेट कार्यालय वा यस वित्तीय संस्थाको वेबसाइट www.swmfi.com.np बाट उपलब्ध हुनेछ ।

११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थल आउँदा झोला वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । आवश्यकता अनुसार सभा कक्षमा प्रवेश गर्दा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

१२. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको कर्पोरेट कार्यालय, महालक्ष्मी-४, इमाडोल, ललितपुरको फोन नं. ०१-५९१२७५३ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको चौधौँ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत
आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

यस सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडको यस गरिमामय चौधौँ वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरू, विभिन्न निकाय एवं संघ संस्थाहरूका प्रतिनिधिज्यूहरू, यस वित्तीय संस्थाका शुभचिन्तकज्यूहरू, पत्रकार एवं आमन्त्रित अतिथिज्यूहरूलाई यस संस्थाको सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक अभिवादनका साथ स्वागत गर्न चाहन्छु ।

यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट २०६८ साल फाल्गुण १९ गते "घ" वर्गको लघुवित्त वित्तीय संस्थाको रूपमा इजाजतपत्रप्राप्त गरी २०६८ साल फाल्गुण २५ गते अन्तर्राष्ट्रिय नारी दिवसको दिन देखि वित्तीय कारोवार शुभारम्भ गरेको यहाँहरू सबैलाई विदितै छ । यस क्रममा वित्तीय संस्थाले चौध वर्ष पुरा गरी सकेको छ । यसै सन्दर्भमा हामीले आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गरेका विभिन्न गतिविधि र उपलब्धिहरूलाई समावेश गरी वासलात, नाफा नोक्सान हिसाव, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरू सभाको स्वीकृतिका लागि प्रस्तुत गर्दछु । आर्थिक वर्ष २०८१/८२ मा वित्तीय संस्थाले हासिल गरेका उपलब्धिहरू, सामना गर्नु परेका चुनौती तथा समस्याहरू र आर्थिक वर्ष २०८२/८३ का लागि तय गरिएका रणनीति तथा कार्यक्रमहरू लगायतका विषयहरू यहाँहरू समक्ष पेश गर्न चाहन्छु ।

(क) बिगत वर्षको कारोबारको सिंहावलोकनः

यस वित्तीय संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन गर्ने क्रममा शाखा कार्यालयहरू आसपासका क्षेत्रहरूमा लक्षित परिवारको घरदैलोमा पुगी कार्यक्रममा आवद्ध गराई गरिवी, वेरोजगारी, सामाजिक सचेतनाको अभाव जस्ता समस्याबाट लक्षित वर्गहरूलाई उकास्ने अनवरत पहल गरिरहेको छ । त्यस्तै, वित्तीय श्रोतको आवश्यकता परेका लक्षित वर्गलाई कर्जा लगानी गर्ने प्रमुख ध्येयमा आधारित भएर संस्थाले कारोबार एवं कार्यक्रमको पहुँच बृद्धि गर्दै लगेको छ । आर्थिक वर्ष २०८१/८२ को अन्तसम्ममा संस्थाले देशका विभिन्न ५५ जिल्लाहरूमा १७१ वटा शाखा कार्यालयहरू मार्फत विभिन्न ४३२ वटा स्थानीय निकायहरूमा (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाहरू समेत) बसोबास गर्ने लक्षित वर्गहरूलाई लघुवित्त कार्यक्रम अन्तर्गतको २०,०२६ वटा समूहमा आवद्ध गराई १,८९,६९६ जना सदस्यहरूलाई निजहरूको घरदैलोमा सरल र सुलभ तवरले लघुवित्त सेवा प्रदान गरिरहेको छ ।

अब, आर्थिक वर्ष २०८१/८२ का उपलब्धिको बुँदागत रूपमा उल्लेख गर्न चाहन्छौं ।

१. पुँजी बृद्धिः

वित्तीय संस्थाको आ.ब. २०८०/८१ को आषाढ मसान्तमा कायम भएको चुक्ता पुँजी रू. १,०४,३६,६६,३१६।७२ भएकोमा गत वर्षको नाफाबाट छुट्टाइएको ६ प्रतिशत बोनश शेयर रू. ६,२६,१९,९७९।- थप गर्दा आ.ब. २०८१/८२ को अन्तसम्ममा वित्तीय संस्थाको कुल चुक्ता पुँजी रू. १,१०,६२,८६,२९५।७२ पुगेको छ ।

२. कार्यक्रम तथा कारोवार विस्तारः

आर्थिक वर्ष २०८१/८२ मा आर्थिक मन्दीको प्रभाव कायम नै रहेको, नेपाल राष्ट्र बैंकको दुई वटा लघुवित्त वित्तीय संस्थाबाट मात्र कर्जा लिन सकिने तथा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाबाट कर्जा कारोवार गरेका ऋणीहरूले "घ" वर्गको लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिन नपाइने नीतिगत व्यवस्था तथा लघुवित्त वित्तीय संस्था विरूद्धको संघर्ष समिति लगायतका केही समूहहरूले कार्यक्रम सञ्चालनमा अवरोध तथा भ्रम सृजना गरेका कारण

थप नयाँ शाखा विस्तार गर्न उपयुक्त वातावरण नरहेकोले मौजुदा शाखा कार्यालयहरूको व्यवस्थापनमा नै बढी ध्यान केन्द्रित गरी आ.व. २०८१/८२ को अन्त्यमा आइपुग्दा ८ वटा शाखा कार्यालयहरू मर्जर गरी संस्थाको ५५ जिल्लामा १७१ वटा शाखा कार्यालय रहेको छ । समीक्षा अबधिमा खुद कर्जा रकम रू ११,८२,६३,३१,५४२।- पुगेको छ भने सदस्यहरूबाट संकलन गरिएको बचत रू. ५,५२,७१,८६,७२१।- परिचालन गरिएको छ । समीक्षा वर्षमा पुनरसंरचना गरिएका कर्जामा कर्जा नोक्सानी व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार थप खर्च व्यवस्था गरिएको हुँदा मुनाफामा असर परेको छ । विभिन्न किसिमका लघुवित्त विरोधी गतिविधिहरूको कारणले गर्दा कर्जा असुली तथा कारोवार विस्तारमा प्रत्यक्ष असर पर्न गएको छ । यस्ता गतिविधिले समस्त लघुवित्त क्षेत्रमा नै प्रत्यक्ष असर पारेकोले लघुवित्त संस्थाहरूको (खुद्रा कारोवार गर्ने) निष्कृय तथा जोखिममा रहेको कर्जामा बृद्धि भएको छ । समीक्षा वर्षको अन्तमा यस वित्तीय संस्थाको निष्कृय कर्जा कुल कर्जाको ४.७० प्रतिशत रहेको छ ।

बिगत दुई आर्थिक वर्षको संक्षिप्त वित्तीय स्थिति र उपलब्धिहरू देहाय बमोजिम रहेको छ ।

विवरण	आषाढ मासान्त (रु.०००)		बृद्धि/(घटी)	
	२०८२	२०८१	संख्या/रकम	प्रतिशत
शाखा संख्या	१७१	१९२	(२१)	(१०.९४)
कर्मचारी संख्या	६९६	७२९	(३३)	(४.५३)
सदस्य संख्या	१८९,६९६	१८२,२३२	७,४६४	४.१०
ऋणी संख्या	७७,७५३	७५,०१०	२,७४३	३.६६
शेयर पुँजी (रु)	१,१०६,२८६।३०	९१०,७८२।५१	१९५,५०३।७९	२१.५%
जगेडा कोष (रु)	३९६,४६५।१५	५६६,६९७।५३	(१७०,२३२।३८)	-३०.०%
ऋण तथा सापटी (रु)	५,१८५,७५८।८१	५,४४१,१९६।१२	(२५५,४३७।३१)	-४.७%
बचत दायित्व (रु)	५,५२७,१८६।७२	४,८२४,७६७।८४	७०२,४१८।८८	१४.६%
अन्य दायित्व तथा कोष (रु)	२९८,०७६।०४	२८४,९००।११	१३,१७५।९३	४.६%
कुल पुँजी तथा दायित्व (रु)	१२,५१३,७७३।०२	१२,०२८,३४४।११	४८५,४२८।९१	४.०%
नगद, बैंक मौज्दात तथा लगानी (रु)	४५६,९२७।८२	७२१,३९०।५५	(२६४,४६२।७३)	-३६.७%
लगानीमा रहिरहेको खुद कर्जा (रु)	११,८२६,३३१।५४	११,१०७,७५५।८८	७१८,५७५।६६	६.५%
लगानी (रु)	२,७००।-	२,०००।-	७००।-	३५.०%
स्थिर तथा अन्य सम्पत्ति (रु)	२२७,८१३।६५	१९७,१९७।६७	३०,६१५।९८	१५.५%
कुल सम्पति (रु)	१२,५१३,७७३।०२	१२,०२८,३४४।११	४८५,४२८।९२	४.०%
खुद ब्याज आम्दानी (रु)	१,५७५,७४७।२१	१,५३९,०७२।८३	३६,६७४।३८	२.४%
सञ्चालन मुनाफा (नोक्सान) (रु)	४७,२४२।३७	१०२,६९९।२६	(५५,४५६।८९)	-५४.०%
खुद नाफा/नोक्सान (रु)	३६,०७८।८५	५६,९४७।१३	(२०,८६८।२८)	-३६.६%
पुँजीकोष अनुपात(%)	१०.४९	११.४३	(०.९४)	-८.२%

उठाउन बाँकी कर्जा र निक्षेप परिचालनमा भएको बृद्धि समान रूपमा रहेको तथा तरलता व्यवस्थापनमा सजग भई बैंक तथा वित्तीय संस्थाबाट लिइएको सापटी (Borrowing) रकम कमी गराइएको छ । वित्तीय सक्षमतामा सजगता कायम गर्ने ध्येय अनुरूप खुद ब्याज आम्दानीमा तुलनात्मक रूपमा बृद्धि भएको छ । साथै, समीक्षा वर्षमा पुनरसंरचना गरिएको कर्जामा समेत नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार भाखा नाघेको अवधिको आधारमा कर्जा नोक्सानी व्यवस्था अन्तर्गत रू. ३० करोड ३१ लाख खर्च लेखाङ्कन गरिएको कारण मुनाफामा असर परेको छ ।

३. कर्मचारी तालिम तथा वृत्ति विकासः

वित्तीय संस्थामा २०८२ असार मसान्तसम्ममा पूर्णकालिन र आंशिक समय काम गर्ने समेत गरी कुल ६९६ जना कर्मचारीहरू विभिन्न तहमा सेवारत छन् । समुदायस्तरका बासिन्दा व्यक्तिलाई समूह परिचालक तथा सहजकर्ताको रूपमा परिचालन गरी लघुवित्त कार्यक्रमलाई थप व्यवस्थित बनाइएको छ । संस्थाको सफलताको श्रेय कर्मचारीहरूलाई जाने हुँदा कर्मचारीहरूको भर्ना, सरूवा, बढुवा, वृत्ति विकास तथा कार्यसम्पादनमा आधारित उत्प्रेरणा, प्रोत्साहन एवं कारवाही गर्न उपयुक्त नीतिको माध्यमबाट प्रभावकारी ढंगले कार्यान्वयन गरिएको छ । दक्ष, लगनशील, अनुशासित, एवं इमान्दार कर्मचारीहरू संस्थाका अमूल्य सम्पत्ति हुन भन्ने मान्यतालाई आत्मसात गरी कार्यसम्पादनमा प्रभावकारी भूमिका निर्वाह गर्न एवं कर्मचारीको वृत्ति विकासमा जोड दिई विभिन्न संस्थाले आयोजना गर्ने तथा संस्थाले आन्तरिक रूपमा आयोजना गर्ने तालिमहरूमा सहभागी गराई उनिहरूको क्षमता थप अभिबृद्धि गर्ने नीति लिइएको छ । कार्यसम्पादन मूल्यांकनमा अधिक अंक हासिल गर्ने, कार्यकुशलतामा क्षमतावान, अनुभवी, संस्था प्रति प्रतिवद्ध लगनशील, अनुशासित, सकारात्मक उत्प्रेरणा दिन सक्ने धैर्यवान कर्मचारीहरूलाई जिम्मेवारी दिई बृत्ति विकासको अवसर प्रदान गर्ने रणनीति लिइएको छ ।

यस वित्तीय संस्थामा कार्यरत कर्मचारीहरू, समूह परिचालक तथा सहजकर्ताहरू समेतले उपदान, योगदानमा आधारित पेन्सन, सुत्केरी खर्च तथा स्वास्थ्य बीमाको लाभ जस्ता सुविधा पनि प्राप्त गरून भन्ने उद्येश्यले सबै कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइएको छ । त्यसै गरी स्थायी कर्मचारीहरूलाई जीवन बीमा सुविधामा समेत सहभागी गराइएको छ ।

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्मचारीहरूको दक्षता अभिबृद्धिको लागि गत आर्थिक वर्षको कर्मचारीको तलब भत्ताको ३% रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने प्रावधान अनुसार संस्थाले कर्मचारी तालिम तथा दक्षता अभिवृद्धिमा आर्थिक वर्षमा रू. १,०१,३६,६७१।- खर्च गरेको छ । यस आर्थिक वर्षको अन्तमा कर्मचारी तालिम तथा दक्षता अभिवृद्धि कोषमा जम्मा रू. १०,६५,३८२।६९ रहेको छ ।

४. संस्थागत सुशासनः

संस्थाको काम कारवाहीको प्रकृयामा संस्थागत सुशासन मार्गदर्शनको रूपमा रहेको मनन गर्दै सोही अनुरूप सञ्चालक समितिका काम कारवाहीहरू तथा अन्य क्रियाकलापहरू पारदर्शी रूपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवं सोको अनुभुति गराउन संस्था सदैव क्रियाशील छ । नेपाल राष्ट्र बैंक एवं अन्य सम्वन्धित नियमनकारी निकायहरूबाट जारी भएका नीति निर्देशनलाई तथा लेखापरीक्षकले औल्याएका कैफियतहरूलाई संस्थाले सजगताका साथ पालना गर्दै एवं सच्याउदै आएको छ ।

५. सूचना प्रविधि :

संस्थाको सेवाको गुणस्तर बढाउन सूचना प्रविधिलाई महत्वका साथ अवलम्बन गरिएको छ । संस्थाले सिनर्जी टेक सफ्टवेयर प्रा.लि ले तयार गरेको MFinplus सफ्टवेयर Centralized Online System लाई सम्पूर्ण शाखा कार्यालयहरूमा सञ्चालन गरिरहेको छ । उक्त सफ्टवेयरको केन्द्रीकृत रूपमा Hosting गर्ने गरी भएको सम्झौता बमोजिम सफ्टवेयर प्रदायक कम्पनीले तथा संस्थाले समेत Data Back-Up को सुरक्षण गर्ने गरेको छ । कर्मचारीहरूको हाजिरी, बिदा, केन्द्रीकृत तलव भत्ता पास गर्ने, स्टक व्यवस्थापन, सम्पत्तिहरूको लेखाङ्कन, Loan Appraisal, DCGF Module, सदस्यलाई प्रविधिमैत्री बनाउनको लागि मोबाइल बैंकिङ्ग, एसएमएस, QR Code र नविनतम् प्रविधिहरु जस्तैः e-Sewa, Khalti, Connect IPS जस्ता विभिन्न सेवाहरु प्रयोगमा ल्याएको छ ।

६. ग्राहक संरक्षण तथा वित्तीय साक्षरता कार्यक्रमः

ग्राहक सदस्यलाई विभिन्न किसिमका सीपमुलक तालिम प्रदान गर्ने, कृषि र पशुपालनको व्यवहारिक शिक्षा प्रदान गर्ने, प्राकृतिक प्रकोपको कारणबाट समस्यामा परेकालाई राहत दिने, उत्कृष्ट समूहलाई पुरस्कृत गर्ने, ऋणी सदस्यलाई प्रोत्साहन वापत रकम प्रदान गर्ने, सदस्य तथा अभिभावक सम्मिलित अन्तरक्रिया कार्यक्रम गर्ने, प्रसुति खर्च प्रदान

गर्ने, सदस्यका छोरा-छोरीलाई शिक्षामा प्रोत्साहन गर्न रकम प्रदान गर्ने, अस्पताल भर्ना हुने सदस्य एवं सदस्यको परिवारलाई औषधोपचार वापत रकम प्रदान गर्ने तथा स्वास्थ्य शिविर सञ्चालन गर्ने लगायतका कार्यहरू ग्राहक संरक्षण कोष मार्फत खर्च गर्ने कार्य भएको छ ।

यस कोषमा आ.व. को अन्त्यसम्म निम्नानुसारको रकम रहेको छ ।

विवरण	रकम रू.
गत आ.व. को अन्तिम मौज्दात	१०,७६,५५,१३५।-
ग्राहक संरक्षण कोषबाट यस वर्षको खर्च	४५,१९,४७३।-
यस वर्षको खुद मुनाफाको १.५ प्रतिशत कोषमा रकमान्तर	५,४१,१८३।-
यस वर्षको कोषको व्याज आम्दानी	१६,८४,०२६।-
यस आ.व. को अन्तिम मौज्दात	१०,५३,६०,८७०।-

ग्राहक संरक्षण कोषमा रहेको रकम मध्ये रू. ४ करोड रकमलाई अलग्गै Earmark गरी बैकहरूमा मुद्धती निक्षेपको रूपमा जम्मा गरिएको छ । आर्थिक बर्ष २०८१/८२ मा रू. १६,८४,०२६।- यस कोषमा व्याज आम्दानी मार्फत थप भएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा ग्राहक संरक्षण कोषबाट सुत्केरी भत्ता वापत २७२ जनालाई रू. २,७१,३००।-, १६४ वटा व्यवसायिक सीपमुलक तालिम वापत रू. ३८,५५,१७३।- प्राकृतिक प्रकोप तथा दैबिक विपत्ती अन्तर्गत सदस्य राहत कोष वापत १३८ जनालाई रू. ३,९३,०००।- गरी रू. ४५,१९,४७३।- खर्च गरिएको छ ।

७. संस्थागत सामाजिक उत्तरदायित्व :

यस वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व कोषमा भएको रकम निम्नानुसार रहेको छ ।

विवरण	रकम रू.
गत आ.व. को अन्तिम मौज्दात	४७,६२,५३४।-
सामजिक उत्तरदायित्व कोषबाट यस वर्षको खर्च	२,८७,०६६।३०
यस वर्षको खुद मुनाफाको १ प्रतिशत कोषमा रकमान्तर	३,६०,७८८।-
यस आ.व. को अन्तिम मौज्दात	४८,३६,२५६।-

आर्थिक वर्ष २०८१/८२ मा सामाजिक उत्तरदायित्व कोषबाट वित्तीय साक्षरता वापत रू ४५,१७२।-, Global Money Week 2025 मा रू. ८१,३६५।-, सामुदायीक बिद्यालयका गरिव तथा जेहेन्दार बिद्यार्थिहरूलाई SEE को तयारी कक्षा सञ्चालन बापत रू. ३०,९६०।- सरकारी बिद्यालयमा गरिव तथा जेहेनदार बिद्यार्थीलाई झोला बितरणमा रू. ६७,७५२।३०, कुर्सि, डस्टविन बितरण कार्यक्रममा रू. २०,५२७।-, रक्तदान कार्यक्रममा रू. १७,२९०।- र विविध अन्तर्गत रू. २४,०००।- गरी रू. २,८७,०६६।३० खर्च भुक्तानी गरिएको छ ।

८. राजस्वमा योगदानः

संस्थाले आ.व. २०८१/८२ मा नेपाल सरकारलाई संस्थागत आयकर वापत रू. ५ करोड २३ लाख ३० हजार, कर्मचारीहरूको पारिश्रमिक आयकर वापत रू. ४६ लाख १६ हजार, लाभांश बितरण वापत रू. १ करोड २३ हजार, बचतको व्याजमा कर वापत रू. १ करोड ७७ लाख २३ हजार र अन्य कर बापत रू. ३ लाख ७० हजार गरी राजस्वमा कुल रू. ८ करोड ५० लाख ४८ हजार योगदान गरेको छ । त्यस्तै, घरवहाल बापतको कर बापत प्रत्येक शाखा कार्यालय रहेको स्थानीय पालिकाहरूमा रकम जम्मा गरिएको छ ।

९. कर्जा सूरक्षण तथा लघुबीमा :

संस्थाले ऋणी सदस्यहरूको कर्जाको कर्जा सुरक्षण कोषसँग सम्झौता गरी कर्जाको सुरक्षण गर्दै आइरहेको छ । आ.व २०८१/८२ मा रू. १२,१६,३५,४०,८०३।- कर्जाको सुरक्षण वापत रू.४,६८,४१,३०८।५० खर्च गरिएको छ । त्यस्तै लघु

जिवन बीमा अन्तर्गत ऋणी सदस्यहरूको कर्जाको विभिन्न बीमा तथा लघुबीमा कम्पनीहरूसँग सम्झौता गरी न्यूनतम शुल्कमा कर्जा रकम बरावरको म्यादी लघुबीमा सेवा प्रदान गरिएको छ । हाल यस संस्थासँग रिलायवल नेपाल लाइफ इन्स्योरेन्स, गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स र नेशनल लाइफ इन्स्योरेन्स कम्पनीसँग सम्झौता गरी सम्भाव्य जोखिमलाई न्यूनिकरण गर्दै आएको छ ।

१०. मोबाइल बैकिङः

यस संस्थाले आफ्ना ग्राहक सदस्यहरूलाई मोवाईल बैकिङको सुविधा उपलब्ध गराउदै आएको छ । यसबाट ग्राहक सदस्यहरूलाई मोवाइल एपको माध्यमबाट बैकिङ कारोवार गर्न सहज भएको छ । वाणिज्य बैकको सुविधाको स्वाद दिने उद्धेश्यले सञ्चालन भएको मोवाइल बैकिङको सुविधा ग्राहकहरू बीच क्रमश लोकप्रिय पनि बन्दै गइरहेको छ Mobile Banking सेवाको सुरूवात गर्न नेपाल राष्ट्र बैकवाट भुक्तानी सेवा प्रदायकको अनुमति लिनुपर्ने भएकोले अनुमति प्राप्त गरी यस लघुवित्तको आफ्नै Mobile App बाट Mobile Banking सेवा शुरूवात गरेको छ ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कारोबारमा परेको असरः

आर्थिक वर्ष २०८१/८२ मा विश्व अर्थतन्त्रमा केहि सुधार देखिए तापनि त्यसको गति अझै सुस्त र असन्तुलित नै रहेको छ । बिकसित राष्ट्रहरूमा उपभोग, रोजगारी तथा मुद्रास्फीतिको अवस्था कोभिडपुर्व स्तरमा फर्किदै गए पनि धेरै उदयीमान तथा विकासोन्मुख अर्थतन्त्रहरूले अझै स्थायीत्व पाउन सकेका छैनन् । भू-राजनीतिक तनाव र आपूर्ति प्रणालीमा देखिएका अवरोधहरूले ती अर्थतन्त्रहरूमा अनिश्चितता थपेको छ ।

विभिन्न समूह तथा अभियानकर्ताहरूले लघुवित्तको बिभिन्न शाखाहरूमा कार्य गर्न तथा दैनिक कार्यसञ्चालनमा समेत अवरोध गरेको, कर्मचारीहरू माथी डर धम्की दिई स्थलगत कार्यलाई असहज बनाएको, सामाजिक सञ्जाल तथा सञ्चार माध्यमहरूबाट लघुवित्त संस्थाहरू प्रति भ्रामक र नकारात्मक सूचनाहरू फैलाउने गतिविधिहरू सञ्चालन गरेकोले कर्जा असुलीमा थप असहज अवस्था सृजना भएको छ । जसको कारण समग्र आर्थिक गतिविधिमा सुस्तता आई कर्जा लगानी, असुली, नगद प्रवाह, कर्जाको गुणस्तर, कारोवार बिस्तारमा प्रत्यक्ष असर परेको जानकारी गराउन चाहन्छु ।

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः

चालु आर्थिक वर्ष २०८२/०८३ को मंसिर मसान्तसम्मको उपलब्धि गत आ.ब. २०८१/०८२ को सोही अवधिसम्मको अपरिष्कृत वित्तीय विवरण तथा कार्यक्रम पहुँच निम्नानुसार रहेको छ ।

क्र.सं.	विवरण	२०८२ मंसिर मसान्त सम्म	२०८१ मंसिर मसान्त सम्म	परिवर्तन प्रतिशत
१	कुल शाखा संख्या	१७१	१७९	-४.४७%
२	कुल सदस्य संख्या	१९३,०४३	१८६,२१७	३.६७%
३	कुल ऋणी संख्या	७६,८३७	७६,०६७	१.०१%
४	वचत रकम (रु.)	५,८२४,५१०,५२६|८७	४,९९६,६५५,५५१|८५	१६.५७%
५	उठाउन बाँकी कर्जा रकम (रु.)	१२,३१७,०४१,२८०|७६	११,४३४,७०६,९३४|७८	७.७२%
६	सापटी ऋण (रु.)	४,४६६,५२८,४२३|०५	४,८९८,३०६,१८०|२७	-८.८१%
८	अन्य आम्दानी (रु.)	५२,८६९,१८९|१७	४७,१००,५९५|४८	१२.२५%
९	व्याज खर्च (रु.)	३१२,६६३,७२४|७६	३१५,४३३,७८२|४४	-०.८८%
१०	सञ्चालन खर्च (रु.)	५०,०४१,४७३|०९	४६,५६०,२३८|०२	७.४८%
११	कर्जा नोक्सानी व्यवस्था (रु.)	११,२५१,८५६|८८	१०,३६३,३००|०४	८.५७%
१२	कर्मचारी खर्च (रु.)	१७४,७१९,६२८|५३	१९३,९९५,१८३|०५	-९.९४%
१३	सञ्चालन नाफा (नोक्सान) (रु.)	१६८,७३३,३१०|०८	४,७९५,१९१|०३	३४१८.८०%

आर्थिक वर्ष २०८२/८३ को कार्य योजनाः

लघुवित्त कार्यक्रमको विस्तारको लागि उपयुक्त वातावरण नभएता पनि आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम बमोजिम २०८२ मंसिर मसान्तसम्मको स्थिति समिक्षा गर्दा निर्धारण गरिएका लक्ष्य प्राप्ति गर्न तर्फ प्रयास भइरहेको अवस्था छ । आ.व. २०८१/०८२ मा कार्यक्रम विस्तार हुने सम्भावना घट्दो दरमा रहेका ८ वटा शाखा कार्यालयहरूलाई सदस्यलाई पायक पर्ने नजिकका शाखा कार्यालयहरूसँग मर्जर गरी कुल सञ्चालित शाखाको संख्या १७१ वटा भएको छ । एक सदस्य दुई लघुवित्तको नियामकीय व्यवस्थाले असहज भएतापनि सदस्य टिकाउने नीति बमोजिम सदस्य तथा ऋणी संख्यामा सामान्य बृद्धि भएको छ । उठाउन बाँकी कर्जा रकममा भएको बृद्धिको तुलनामा बचत परिचालनमा भएको बृद्धिले गर्दा सापटी ऋण घटेको छ ।

कर्मचारी उत्पादकत्व बृद्धि गर्ने, संस्थाको शाखा सञ्जाल धेरै भएकोले हालको शाखा सञ्जाललाई सुपरिवेक्षण र अनुगमनको कार्यलाई अझ चुस्त, दुरूस्त बनाउनको लागि आन्तरिक लेखापरीक्षण र अनुगमन कार्यलाई अझ बढी सशक्त बनाउने गरी १७ वटा शाखाहरूमा अनुगमन मुकाम राखी कार्य सञ्चालन गरिएको छ । कर्मचारी उत्पादकत्व बृद्धि गर्न मासिक कार्य सम्पादनका आधारमा मूल्यांकन गर्ने र सो को आधारमा वृत्ति विकास गराउने नीति लिइएको छ ।

त्यस्तै, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा संस्थाले लघुवित्त क्षेत्रमा आफ्नो पहिचान हुने किसिमले देहायका मुख्य सरोकारवालाहरू (Stakeholders) को आवश्यकता, चाहना र अपेक्षालाई समेट्ने गरी अगाडि बढ्ने रणनीति लिइएको छ ।

क. सदस्यहरूको चेतनाको स्तर, बदलिदो चाहना, सेवा प्रदान गर्ने बैकल्पिक माध्यमको उपलब्धता, सूचना प्रविधिको विकास र विस्तार, प्रतिस्पर्धात्मक वातावरण आदिलाई मध्यनजर गर्दै सदस्यमुखी सेवा र सुबिधाहरू प्रदान गर्नुपर्ने आवश्यकता भएकाले त्यसतर्फ संस्था अगाडी बढ्ने ।

ख. संस्थागत सुशासनलाई कायम राख्दै कर्जा लगानीलाई बृद्धि गर्दै सबल लघुवित्तको रूपमा स्थापित हुने । सम्भावनाहरूको समुचित उपयोग गर्दै चुनौतिहरूको सामना गर्ने हिसावले संस्थाको रणनीति तर्जुमा गरी लागु गर्दै लगिने ।

ग. संस्थाको नीति, कार्यविधि, मार्गदर्शनहरूलाई समयानुकुल स्तरीय बनाउदै आन्तरिक कार्यप्रणालीलाई थप व्यवस्थित बनाउदै लगिने र सञ्चालन खर्चको मितव्ययितामा थप जोड दिईने ।

घ. सामाजिक दायित्वतर्फ सचेत रही संस्थाको आर्थिक क्षमताले भ्याएसम्म सामाजिक उत्तरदायित्वका आयामहरूमा सहयोगी भूमिका खेल्ने ।

ङ. हाल कायम सदस्यहरू तथा ऋणीहरूमा गुणस्तरीय सेवा पुऱ्याउने ।

च. उठाउन बाँकी कर्जा रू. १३ अर्व ६० करोड, सदस्यहरूको बचत रू. ६ अर्व २८ करोड, सक्रिय सदस्य संख्या १,७९,१११ र ऋणी संख्या ८७,९०७ पुऱ्याउने ।

छ. संस्थाको जोखिम व्यवस्थापनलाई थप सुदृढीकरण गर्दै कर्जा जोखिम रकम तथा पुनरसंरचनामा रहेको कर्जालाई समग्र लघुवित्त संस्थाहरूको औषत बजारको निष्कृय कर्जा प्रतिशत भन्दा कम गर्ने ।

ज. कार्यक्रम बिस्तार र सोको गुणस्तरलाई सन्तुलित रूपमा अगाडि बढाई दिगोपना हासिल गर्ने ।

झ. जोखिम तथा आन्तरिक नियन्त्रण प्रणलीलाई चुस्त, दुरूस्त र प्रभावकारी बनाउन आवश्यक संयन्त्र, नीति, नियम र कार्यविधिको बिकास गरी कार्यान्वयन गर्ने ।

ञ. स्थलगत र गैरस्थलगत सुपरिवेक्षण र अनुगमनको कार्यलाई प्रभावकारी बनाउने ।

(घ) वित्तीय संस्थाको औद्योगिक वा व्यवसायिक सम्बन्धः

यस वित्तीय संस्थाले आफ्नो कारोबारसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित पक्षहरू जस्तैः ग्राहक, व्यवसायिक एवं औद्योगिक प्रतिष्ठान, संघ संस्थाहरू, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा

विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसँग सौहार्दपूर्ण तथा व्यवसायिक सम्बन्ध कायम राख्दै कर्जा लगानीको लागि वित्तीय श्रोत उपलब्ध गराई संस्थालाई अगाडि बढाउन सहयोग पुऱ्याउने सबै बैंक तथा वित्तीय संस्थाहरूसँग पनि सुमधुर व्यवसायिक सम्बन्ध कायम राख्दै आएको छ ।

(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारणः

यस आ.व २०८१/८२ मा सञ्चालक समितिमा कुनै पनि हेरफेर भएको छैन ।

(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरूः

यस वित्तीय संस्थाको कारोबारलाई मुख्य गरी देहाय बमोजिमका तत्वहरूले प्रभाव परेको छ । यस्ता कारक तत्वहरूलाई न्यूनीकरण गर्दै संस्थालाई प्रभावकारी ढंगले अगाडि बढाउन प्रयासरत छौं ।

- पछिल्लो समय देशभरी नै व्यापार व्यवसायमा आएको शिथिलताले वित्तीय संस्थाको कारोबार वृद्धिमा पनि असर परेकाले अपेक्षा अनुरूप कार्यक्रम विस्तार हुन सकेको छैन ।
- सदस्य दोहोरोपनाका कारण ग्राहक सदस्यबाट भइरहेको बहुबैकिङ्ग कारोबारबाट कर्जा लगानीमा जोखिमहरू बढेको छ ।
- पुराना अनुभवी र दक्ष कर्मचारीहरू विदेशिने प्रवृत्ति बढ्दै जाँदा लघुवित्त कार्यक्रम विस्तारमा असर परेको छ ।
- नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले आर्थिक, मौद्रिक एवं लघुवित्त संस्था सम्बन्धी नीतिमा परिवर्तन गर्दा श्रृजना हुनसक्ने संभावित जोखिमहरू ।
- गुणस्तरीय सूचना प्रविधिको उपयोग गर्न बढ्दो लागत खर्चिनुपर्ने अवस्था ।
- ग्राहक सदस्यको सही पहिचान र कर्जा लगानीको उत्पादनशील उपयोगको सुपरिवेक्षणार्थ दक्ष जनशक्तिको परिचालन गर्न लाग्ने लागत ।
- आन्तरिक नियन्त्रण, अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न जनशक्तिको परिचालन गर्न लाग्ने बढ्दो लागत तथा फिल्डमा परिचालित हुँदा बेहोर्न पर्ने जोखिम ।
- लघुवित्त विरूद्ध संघर्ष समितिको नामबाट लघुवित्त क्षेत्रमा देखिएको असर ।

(छ) लेखापरीक्षण प्रतिवेदन र सञ्चालक समितिको प्रतिक्रियाः

संलग्न लेखापरीक्षण प्रतिवेदन र लेखा विवरणहरूले संस्थाको यथार्थ स्थितिको चित्रण गरेको छ । वित्तीय संस्थाको सामान्य कारोबारको सिलसिलामा देखिएका सामान्य टिप्पणी बाहेक खास प्रतिकुल टिप्पणी नभएको र यस प्रतिवेदन साथ संलग्न लेखापरीक्षण प्रतिवेदन र लेखा विवरणहरूले संस्थाको यथार्थ स्थितिको चित्रण गरेको छ । लेखापरीक्षकले औल्याएका कैफियतहरूलाई सुधार गर्ने र नेपाल राष्ट्र बैंकले दिएका निर्देशनहरूलाई पालना गर्न गराउन व्यवस्थापनलाई निर्देशन दिई सकिएको छ । सुधारको लागि वित्तीय संस्था सधै प्रतिबद्ध रहेको छ ।

(ज) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरणः

आन्तरिक नियन्त्रणको लागि कम्प्यूटरीकृत अभिलेख प्रणाली, प्रशासनिक नियन्त्रण, बजेटरी नियन्त्रण, नियमित अनुगमन, आकष्मिक अनुगमन, आन्तरिक लेखापरीक्षण जस्ता उपायहरू अपनाउँदै आएको छ । सु-सञ्चालन गर्न नभई नहुने आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, कार्य सञ्चालन निर्देशिका, कर्जा अपलेखन विनियमावली, कर्जा नीति, बचत परिचालन नीति, ग्राहक पहिचान निर्देशिका, सूचना प्रविधि नीति लगायतका कार्यविधि र नीति निर्देशिकाहरू लागु गरी सोही बमोजिम नियमित कार्य सञ्चालन भइरहेका छन् ।

नेपाल राष्ट्र बैंकको निर्देशन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले आफ्नो जवाफदेहितामा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ती शुद्धीकरण अनुगमन समिति गठन गरी काम, कर्तव्य र अधिकारहरू तोकिएकोमा यस संस्थाले तपसिलमा उल्लेखित समितिहरू निर्माण गरी कार्य सञ्चालन गरिरहेको छ ।

१) जोखिम व्यवस्थापन समितिः

सञ्चालक समितिले सञ्चालक श्री अनन्तकुमार श्रेष्ठको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरेको छ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहने र समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नु पर्ने व्यवस्था रहेको छ । समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ सहित बढीमा ५ जनासम्म सदस्य हुन सक्नेछ । यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएको छ ।

आर्थिक बर्ष २०८१/८२ मा यस समितिको ६ वटा बैठक बसेको छ । समितिमा रहेका सञ्चालकहरूलाई बैठक भत्ता वापत समीक्षा बर्षमा रू.६३,०००।- प्रदान गरिएको छ । आर्थिक बर्ष २०८१/८२ को अन्त्यमा यस समितिमा निम्न पदाधिकारी रहनु भएको छ ।

क.सं.	नाम	पद	संस्थामा बहाल रहेको पद
१	अनन्तकुमार श्रेष्ठ	संयोजक	सञ्चालक
२	कमल भण्डारी	पदेन सदस्य	सञ्चालक
३	माधव प्रसाद भट्ट	सदस्य	सञ्चालक
४	रबिन्द्र तिमल्सेना	सदस्य	कार्य सञ्चालन, अनुगमन तथा अनुपालना बिभाग प्रमुख
५	सूर्य प्रसाद पौडेल	सदस्य सचिव	जोखिम ब्यवस्थापन तथा असुली विभाग प्रमुख

२) कर्मचारी सेवा सुविधा समितिः

सञ्चालक समितिले सञ्चालक श्री बिन्दीया श्रेष्ठ प्रधानको संयोजकत्वमा कर्मचारी सेवा सुविधा समिति गठन गरेको छ । यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएको छ ।

आर्थिक बर्ष २०८१/८२ मा यस समितिको १ वटा बैठक बसेको छ । समितिमा रहेका सञ्चालकलाई बैठक भत्ता वापत समीक्षा बर्षमा रू.४,५००।- प्रदान गरिएको छ । आर्थिक बर्ष २०८१/८२ को अन्त्यमा यस समितिमा निम्न पदाधिकारी रहनु भएको छ ।

क.सं.	नाम	पद	संस्थामा बहाल रहेको पद
१	बिन्दीया श्रेष्ठ प्रधान	संयोजक	सञ्चालक
२	मोक्ष प्रसाद पंगेनी	सदस्य	प्रमुख कार्यकारी अधिकृत
३	गोपाल प्रसाद पौडेल	सदस्य	लेखा तथा कोष ब्यवस्थापन विभाग
४	घनश्याम भट्टराई	सदस्य सचिव	मानव संसाधन तथा सामान्य सेवा बिभाग

३) सम्पत्ति शुद्धीकरण अनुगमन समितिः

सञ्चालक समितिले सञ्चालक श्री दधि राम पौड्यालको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरेको छ । समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नु पर्ने व्यवस्था रहेको छ । यस समितिको काम, कर्तव्य र अधिकार नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तोकिएको छ ।

आर्थिक बर्ष २०८१/८२ मा यस समितिको ४ वटा बैठक बसेको छ । समितिमा रहेका सञ्चालकहरूलाई बैठक भत्ता वापत समीक्षा वर्षमा रू.१८,०००।- प्रदान गरिएको छ । आर्थिक बर्ष २०८१/८२ को अन्त्यमा यस समितिमा निम्न पदाधिकारी रहनु भएको छ ।

क्र.सं.	नाम	पद	संस्थामा बहाल रहेको पद
१	दधि राम पौड्याल	संयोजक	सञ्चालक
२	मोक्ष प्रसाद पंगेनी	सदस्य	प्रमुख कार्यकारी अधिकृत
३	केशरी राज निरौला	सदस्य	कर्जा लगानी तथा बचत परिचालन बिभाग प्रमुख
४	रबिन्द्र तिमल्सेना	सदस्य सचिव	कार्य सञ्चालन, अनुगमन तथा अनुपालना बिभाग प्रमुख

आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन व्यवस्थापन स्तरीय देहाय बमोजिमका समितिहरू गठन गरी क्रियाशिल बनाइएको छ ।

१) पदपूर्ति समिति

क्र.सं.	नाम	पद
१	प्रमेश आचार्य	संयोजक
२	रबिन्द्र तिमल्सेना	सदस्य
३	घनश्याम भट्टराई	सदस्य सचिव

२) कार्यसम्पादन मुल्यांकन पुनरावलोकन समिति

क्र.सं.	नाम	पद
१	मोक्ष प्रसाद पंगेनी	संयोजक
२	प्रमेश आचार्य	सदस्य
३	घनश्याम भट्टराई	सदस्य सचिव

३) आर्थिक निर्देशन समिति

क्र.सं.	नाम	पद
१	मोक्ष प्रसाद पंगेनी	संयोजक
२	प्रमेश आचार्य	सदस्य
३	रबिन्द्र तिमल्सेना	सदस्य
४	गोपाल प्रसाद पौडेल	सदस्य
५	घनश्याम भट्टराई	सदस्य सचिव

४) खरिद समिति

क्र.सं.	नाम	पद
१	मोक्ष प्रसाद पंगेनी	संयोजक
२	गोपाल प्रसाद पौडेल	सदस्य
३	घनश्याम भट्टराई	सदस्य सचिव

५) सम्पत्ति दायित्व (ALCO) समिति

क्र.सं.	नाम	पद
१	प्रमेश आचार्य	संयोजक
२	गोपाल प्रसाद पौडेल	सदस्य
३	घनश्याम भट्टराई	सदस्य सचिव

६) भौतिक परिक्षण समिति

क.सं.	नाम	पद
१	घनश्याम भट्टराई	संयोजक
२	रबिन्द्र तिमल्सेना	सदस्य
३	इश्वरी प्रसाद खरेल	सदस्य सचिव

७) कर्जा असुली इकाई

क.सं.	नाम	पद
१	सूर्य प्रसाद पौडेल	संयोजक
२	केशरी राज निरौला	सदस्य
३	रबिन्द्र तिमल्सेना	सदस्य
४	प्रताप कोईराला	सदस्य सचिव

८) लिलाम समिति

क.सं.	नाम	पद
१	मोक्ष प्रसाद पंगेनी	संयोजक
२	रबिन्द्र तिमल्सेना	सदस्य
३	गोपाल प्रसाद पौडेल	सदस्य
४	घनश्याम भट्टराई	सदस्य सचिव

९) जोखिम व्यवस्थापन समुह

क.सं.	नाम	पद
१	प्रमेश आचार्य	संयोजक
२	रबिन्द्र तिमल्सेना	सदस्य
३	केशरी राज निरौला	सदस्य
४	रामनाथ भुसाल	सदस्य
५	सूर्य प्रसाद पौडेल	सदस्य सचिव

१०) ग्राहक संरक्षण कोष व्यवस्थापन समिति

क.सं.	नाम	पद
१	प्रमेश आचार्य	संयोजक
२	रबिन्द्र तिमल्सेना	सदस्य
३	रामनाथ भुसाल	सदस्य सचिव

११) संस्थागत सामाजिक उत्तरदायित्व कोष व्यवस्थापन समिति

क.सं.	नाम	पद
१	प्रमेश आचार्य	संयोजक
२	रबिन्द्र तिमल्सेना	सदस्य
३	रामनाथ भुसाल	सदस्य सचिव

१२) केन्द्रीय कार्यालय स्तरको कर्जा समिति

क्र.सं.	नाम	पद
१	केशरी राज निरौला	संयोजक
२	रबिन्द्र तिमल्सेना	सदस्य
३	सूर्य प्रसाद पौडेल	सदस्य
४	उमाकान्त रेग्मी	सदस्य सचिव

(झ) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुबिधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरणः

सञ्चालक समितिले सञ्चालक श्री कमल भण्डारीको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गरेको छ । सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा यस समितिको ९ वटा बैठक बसेको छ । लेखापरीक्षण समितिको बैठकमा उपस्थित भए वापत सञ्चालक स्तरीय संयोजक वा सदस्यलाई प्रति बैठक भत्ता रू ४ हजार ५ सय प्रदान गरिएको छ । समितिमा रहेका पदाधिकारीहरूलाई बैठक भत्ता वापत समीक्षा वर्षमा रू ८१,०००।- प्रदान गरिएको छ । आर्थिक बर्ष २०८१/८२ को अन्त्यमा यस समितिमा निम्न पदाधिकारी रहनु भएको छ ।

क्र.सं.	नाम	पद	संस्थामा बहाल रहेको पद
१	कमल भण्डारी	संयोजक	सञ्चालक
२	शिव प्रसाद मिश्र	सदस्य	सञ्चालक
३	हरि प्रसाद सिग्देल	सदस्य सचिव	आन्तरिक लेखापरीक्षण विभाग प्रमुख

कृतज्ञता तथा आभारः

यस वित्तीय संस्थाको उद्देश्य प्राप्ति गर्न सञ्चालनका क्रममा नीतिगत, नियामक तथा अन्य सम्बन्धित प्रकृयागत तहबाट सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरू, ग्राहक सदस्यहरू, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजश्व कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, समयमै लेखापरीक्षण कार्य सम्पन्न गरी विभिन्न सल्लाह सुझाव प्रदान गर्नुभएका लेखापरीक्षकज्यू, कुमारी क्यापिटल लिमिटेड, कर्जा सूचना केन्द्र, नेशनल लाईफ इन्स्योरेन्स, रिलायवल नेपाल लाईफ इन्स्योरेन्स, गार्डियन माइक्रो लाईफ इन्स्योरेन्स, क्रेष्ट माइक्रो लाईफ इन्स्योरेन्स, लिवर्टी माइक्रो लाईफ इन्स्योरेन्स, फर्ष्ट माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था, ईसेवा, खल्ति, Mobile Finance Technology Pvt. Ltd., नेपाल क्लियरिङ हाउस लि., थोक कर्जा उपलब्ध गराइदिने बैंक तथा वित्तीय संस्थाहरू, सफ्टवेयर प्रदायक सिनर्जि टेक सफ्टवयर प्रा.लि., Cloud Himalayan, लघुवित्त संघ नेपाल, नेपाल लघुवित्त बैंकर्स संघ, सि.एम.एफ.-नेपाल, सि.एस.डि. एवं अन्य सरोकारवाला संस्थाहरू लगायत अन्य विभिन्न निकायका पदाधिकारीहरू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

संस्थाको निरन्तर उन्नति र प्रगतिमा उल्लेखनीय योगदानका लागि प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापनका सबै पदाधिकारीहरू र सम्पूर्ण इमान्दार, परिश्रमी, लगनशील, कर्तव्यनिष्ठ कर्मचारीहरू रहेका छन । सबै जना कर्मचारीहरू संस्थाका स्रोतको रूपमा रहेकाले नै संस्थाको समृद्धि सम्भव भएको हो । अन्त्यमा, यस संस्थालाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरूलाई हार्दिक धन्यबाद दिन चाहन्छु । साथै, आउँदा दिनमा पनि यहाँहरू सल्लाह, सुझाव र हौसला प्राप्त हुने अपेक्षा गर्दछु ।

सञ्चालक समितिको तर्फबाट
लेखनाथ खनिया
अध्यक्ष

सञ्चालक समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन सम्बन्धी अन्य थप विवरणहरु

(क) लाभांश सम्बन्धमाः देशमा विद्यमान आर्थिक मन्दी, लघुवित्त क्षेत्रमा रहेको अस्वस्थ प्रतिस्पर्धा तथा अन्य विविध गतिविधीहरूको कारण आ.व. २०८१/८२ मा संस्थाको कारोवारमा प्रत्यक्षरूपमा प्रतिकुल प्रभाव पर्न गइ अपेक्षित प्रतिफल हासिल हुन सकेन । फलस्वरूप २०८२ असार मसान्तमा कायम रहेको वितरणयोग्य मुनाफालाई सञ्चित गरी लाभांश वितरण नगर्ने गरी वित्तीय विवरण पारीत गर्ने प्रस्ताव गरेको छ ।

(ख) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरवापत रकम फिर्ता गरेको भए सोको विवरणः

समीक्षा अवधिमा संस्थाको कुनै शेयरधनीको नाममा रहेको शेयर जफत भएको छैन ।

(ग) बिगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको मूल्यांकनः

कम्पनीको कारोबारको प्रगति सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिए अनुसार रहेको र कम्पनीको कुनै सहायक कम्पनी नभएको र गत आर्थिक वर्ष २०८१/८२ मा भए गरेको कारोबारलाई नाफा नोक्सान र सम्पत्ति दायित्वको विश्लेषण तथा कर्जा अपलेखन सम्बन्धी संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

१. नाफा/नोक्सानको स्थितिः

आर्थिक वर्ष २०८१/०८२ मा लघुवित्त वित्तीय संस्थाको खर्चहरू मध्ये कार्यालय सञ्चालनको क्रममा भएको ज्याला, पारिश्रमिक तथा कर्मचारी तलव भत्ता शीर्षकमा रू. ४३.५९ करोड खर्च भएको छ । अन्य सञ्चालन खर्चमा रू. १२.८६ करोड खर्च भएको छ । कर्जा जोखिम व्यहोर्ने कोषमा रू. ३०.३१ करोड खर्च भएको छ । सम्पत्तीको ह्रास कट्टीमा कुल रू.३.४८ करोड खर्च भएको छ भने अन्य बैक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जा र सदस्यहरूको बचतमा रहेको रकमको व्याज भुक्तानीमा रू ७८.३० करोड खर्च भएको छ । आम्दानी तर्फ कर्जा लगानीबाट प्राप्त व्याज रू. १५३.६४ करोड, सेवा शुल्क तथा अन्य आम्दानी तर्फ रू. १७.९६ करोड रहेको छ । यसरी सबै खर्चहरूलाई समावेश गर्दा आम्दानी भन्दा खर्च कमी भएकोले खुद रू. ३.६० करोड नाफा भएको छ ।

२. सम्पत्ति/दायित्वको अवस्थाः

आर्थिक वर्ष २०८१/८२ को आषाढ मसान्तसम्ममा शेयरधनीहरूबाट जम्मा भएको शेयर वापतको चुक्ता पुँजी रू. ११०.६२ करोड रहेको छ । अन्य बैक तथा वित्तीय संस्थाहरूबाट प्राप्त कर्जा रकम रू. ५१८.५७ करोड र सदस्यहरूबाट जम्मा भएको बचत रकम रू. ५५१.९२ करोड र विविध दायित्व (कर दायित्व समेत) अन्तर्गत रकम रू. १२७.४७ करोड रहेको छ । २०८२ आषाढ मसान्तसम्म गत वर्षको नाफा र जगेडा कोषहरूमा रू. ३९.६४ करोड रहेको छ । सम्पत्ति तथा उपकरण तर्फ रू. ९.१२ करोड रहेको छ भने कुल रू. १,२३९.५९ करोड उठाउन बाँकी कर्जा मध्ये रू. ५६.९६ करोड कर्जा नोक्सानी व्यवस्थामा रहेको रकम घटाई बाँकी रहेको कर्जा रू. ११८२.६३ करोड रहेको छ । अग्रिम आयकर, स्टेशनरी तथा अन्य सम्पत्ति तर्फ रू. ७९.४९ करोड लगानी रू २७ लाख र बैक तथा नगद मौज्दात तर्फ रू. ४५.९६ करोड रहेको छ भने वर्षान्तमा कुल रू. १२५१.१३ करोडको वासलात तयार भएको छ ।

३. कर्जा अपलेखन सम्बन्धी विवरणः

आर्थिक वर्ष २०७९/८० मा १३३ वटा कर्जाको रू ४७ लाख ९३ हजार ८४७ पैसा ५० कर्जा अपलेखन गरिएको मध्ये चालु आ.व. सम्ममा ११ वटा कर्जाको रू. ३,९६,९७३।२२ असुली भई वर्षान्तमा कुल १२२ वटा कर्जाको रू. ४३ लाख ९६ हजार ८ सय ७४ र पैसा २८ बाँकी रहेको छ । अपलेखन गरिएको कर्जाको असुलीको लागि

असुली इकाईको गठन गरिएको तथा उक्त कर्जा असुलीको लागि शाखागत रूपमा रजिष्टर खडा गरी प्रगतीको विवरण अध्यावधिक गर्ने व्यवस्था मिलाईएको छ ।

(घ) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको महत्वपूर्ण परिर्वतनः

कम्पनीको नाफा/नोक्सान र सम्पत्ति/दायित्वको अवस्था बुँदा नं. ग र यसै प्रतिवेदनमा उल्लेख भए अनुसार रहेको र कम्पनी कारोबारमा आर्थिक वर्षमा १७१ वटा शाखा कार्यालयहरू सञ्चालनमा ल्याइएको २०,०२६ समूहहरूमा १,८९,६९६ जना सदस्यहरू निर्माण गरी लगानी तर्फ सोही मितिसम्म ७७,७५३ जना ऋणीहरूमा रू.११८२.६३ करोड खुद उठाउन बाँकी कर्जा रहेको छ । त्यसै गरी सदस्यहरूबाट सोही मितिसम्म रू.५५२.७१ करोड बचत संकलन हुन गएको छ । कम्पनीको कुनै सहायक कम्पनी नभएको ।

(ङ) बिगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारीः

यस संस्थामा चुँक्ता पुँजीको पाँच प्रतिशत वा सो भन्दा बढी शेयर ग्रहण गर्ने आधारभुत शेयरधनीहरू नरहेको । शेयरधनीहरूबाट सञ्चालक तथा व्यवस्थापन र कर्मचारीहरूलाई हौसला प्राप्त हुँदै आएको छ । बिशेष छुट्टै केही जानकारी नभएको ।

(च) बिगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयर स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारीः

गत आर्थिक वर्ष २०८१/०८२ को वर्षान्तसम्ममा यस संस्थाका सञ्चालक समितिका पदाधिकारीहरूको नाममा देहाय बमोजिमको शेयर स्वामित्व रहेको छ । निजहरू कम्पनीको शेयर कारोबारमा संलग्न रहेको जानकारी प्राप्त नभएको ।

क्र.सं.	नाम, थर	पद	प्रतिनिधित्व	ग्रहण गरेको शेयर संख्या
१.	लेखनाथ खनिया	अध्यक्ष	संस्थापक शेयरधनी	२,४७६
२.	विन्दीया श्रेष्ठ प्रधान	सञ्चालक	संस्थापक शेयरधनी	१,२०,५६५
३.	अनन्तकुमार श्रेष्ठ	सञ्चालक	संस्थापक शेयरधनी	१,५४,४६०
४.	दधि राम पौड्याल	सञ्चालक	संस्थापक शेयरधनी	११,६७३
५.	शिव प्रसाद मिश्र	सञ्चालक	सर्वसाधारण शेयरधनी	१,६१०
६.	कमल भण्डारी	सञ्चालक	सर्वसाधारण शेयरधनी	१६९
७.	माधव प्रसाद भट्ट	स्वतन्त्र सञ्चालक	स्वतन्त्र	-

गत आर्थिक वर्ष २०८१/८२ को वर्षान्तसम्ममा यस संस्थामा कार्यरत व्यवस्थापनका पदाधिकारीहरू तथा विभागीय प्रमुखहरूको नाममा देहाय बमोजिमको शेयर स्वामित्व रहेको छ ।

सि.नं	नाम, थर	पद	ठेगाना	योग्यता	अनुभव	शेयर संख्या
१.	मोक्ष प्रसाद पंगेनी	प्रमुख कार्यकारी अधिकृत	सुनवल-७, नवलपरासी (ब.सु.प.)	स्नातकोत्तर एम.बि.ए. त्रिभुवन विश्वविद्यालयबाट	२७ वर्ष लघुवित्त बैकिङ क्षेत्रमा कार्य गरेको अनुभव । २०४६ माघ देखि २०५१ सम्म नेपाल सरकारको विभिन्न कार्यालयहरूमा प्रशासन सेवामा । २०५५ बैशाख देखि निर्धन उत्थान बैंक लिमिटेडमा २०७० बैशाखसम्म काम गरी वरिष्ठ प्रबन्धक पदबाट अवकाश लिएको ।	११,४२७

२.	प्रमेश आचार्य	नायव प्रमुख कार्यकारी अधिकृत	हेटौंडा-७, मकवानपुर	एम.बि.ए., एम.ए र एल.एल.बि.	विकास बैंक, फाइनान्स कम्पनी एवं लघुवित्त संस्थाहरूमा गरी २१ वर्षको कार्यानुभव ।	१४,३०९
३.	रविन्द्र तिमल्सेना	मुख्य प्रबन्धक	भरतपुर-२६, चितवन	एम.ए.	लघुवित्त वित्तीय संस्थामा २७ वर्षको कार्यानुभव ।	-
४.	घनश्याम भट्टराई	प्रबन्धक	मेचीनगर-१०, झापा	एम.ए.	लघुवित्त संस्थामा २० वर्षको कार्यानुभव ।	३,६९९
५.	केशरी राज निरौला	प्रबन्धक	इनरूवा-६, सुनसरी	स्नातकोत्तर	लघुवित्त वित्तीय संस्थामा १९ वर्षको कार्यनुभव ।	-
६	सूर्य प्रसाद पौडेल	प्रबन्धक	आँधिखोला-३, स्याङ्जा	एम.बि.एस.	लघुवित्त वित्तीय संस्थामा १७ वर्षको कार्यानुभव ।	१,५१६
७	गोपाल प्रसाद पौडेल	सहायक प्रबन्धक	हरिवन-१०, सर्लाही	एम.बि.एस., बिएड एल.एल.बि.	लघुवित्त वित्तीय संस्थामा १३ वर्षको कार्यानुभव ।	६,२५३
८	रामनाथ भुसाल	सहायक प्रबन्धक	कालिगण्डकी-५, स्याङ्जा	एम.ए.	लघुवित्त वित्तीय संस्थामा १९ वर्षको कार्यानुभव ।	८११
९	हरी प्रसाद सिग्देल	सहायक प्रबन्धक	सिद्धार्थनगर-९, रूपन्देही	बि.बि.एस., एल.एल.बि.	लेखा तथा लघुवित्त संस्थामा गरी १४ वर्षको कार्यानुभव ।	२,७३६
१०	कमल बहादुर खड्का	वरिष्ठ अधिकृत	हरीवन-११, सर्लाही	बि.सि.ए.	विभिन्न कम्पनी तथा लघुवित्त संस्थामा गरी सम्बन्धित आई.टि. सेक्टरमा १४ वर्षको कार्यानुभव ।	-

(छ) बिगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोराः

बिगत आर्थिक वर्षमा यस संस्थासँग सम्बन्धित सम्झौताहरूमा यस कम्पनीका कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको कुनै व्यक्तिगत स्वार्थ रहेको छैन ।

(ज) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे वापत कम्पनीले भुक्तानी गरेको रकमः

समीक्षा वर्षमा कम्पनीले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

(झ) बिगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरणः

आर्थिक वर्ष २०८१।०८२ मा यस संस्थाको कुल व्यवस्थापन खर्च वित्तीय विवरणको अनुसूची नं. ४.३४, ४.३५, ४.३५.१ र ४.३६ मा उल्लेख गरिएको छ ।

(ञ) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा सँगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुराः

यस संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, आधारभुत शेयरधनी र निजका नजिकका नातेदारहरू वा निज संलग्न रहेको फर्म, कम्पनी वा सँगठित संस्थाले यस कम्पनीलाई कुनै रकम बुझाउन बाँकी रहेको छैन ।

(ट) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकमः

वित्तीय संस्थाको सञ्चालक समितिसँग सम्बन्धित देहाय बमोजिम पारिश्रमिक तथा अन्य सुविधाहरू उपलब्ध गराइएको छ ।

बैठक भत्ताः अध्यक्षलाई रू. ५,०००।- र सञ्चालकहरूलाई रू. ४,५००।- का दरले प्रति बैठक, पत्रपत्रिका र सञ्चार खर्च वापत मासिक रू. २,०००।- प्रदान गरिएको छ । साथै, सञ्चालक समिति आबद्ध अन्य समिति बैठक भत्ता रू. ४,५००।- का दरले प्रति बैठक प्रदान गरिएको छ ।

वित्तीय संस्थामा प्रमुख कार्यकारी अधिकृतमा श्री मोक्ष प्रसाद पंगेनीलाई नियुक्ति गरिएको छ । निजलाई आर्थिक वर्ष २०८१।०८२ को यस अवधिको तलब, सामाजिक सुरक्षा कोष, भत्ता, उपदान, संचित विदा वापतको रकम, औषधी उपचार खर्च, दशै खर्च र बोनस समेत गरी रू. ५४,८६,६४३।५६ खर्च गरी यस अवधिमा रू. १४१०७९१।६८ रकम कर कट्टा गरी बाँकी रहेको रकम रू. ४०,७५,८५१।८८ निजलाई भुक्तानी गरिएको छ ।

संस्थाका नायव प्रमुख कार्यकारी अधिकृत श्री प्रमेश आचार्यलाई आर्थिक वर्ष २०८१।०८२ को यस अवधिको तलब, सामाजिक सुरक्षा कोष, भत्ता, उपदान, संचित विदा वापतको रकम, दशै खर्च, पोशाक भत्ता, बोनस समेत गरी रू. ३७,२७,०१६।०८ खर्च गरी यस अवधिमा रू. ८,०७,३२६।२८ रकम कर कट्टा गरी बाँकी रहेको रकम रू. २९,१९,६८९।८० निजलाई भुक्तानी गरिएको छ ।

वित्तीय संस्थामा आर्थिक वर्ष २०८१।०८२ मा मुख्य प्रबन्धक, बरिष्ठ प्रबन्धक, प्रवन्धक, र सहायक प्रबन्धक पदमा ९ जना कर्मचारी कार्यरत रहेको र निजहरूलाई आर्थिक वर्ष २०८१।०८२ मा तलब भत्ता, विदा खर्च र कर्मचारी बोनस गरी कुल रू. १,१९,०८,२२३।१९ खर्च गरी यस अवधिमा रू. ३,८२,६१४।०२ रकम कर कट्टा गरी बाँकी रहेको रकम रू. १,१५,२५,६०९।१७ भुक्तानी गरिएको छ ।

(ठ) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकमः

संस्थाको समीक्षा अवधिमा शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम नरहेको ।

(ड) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरणः

संस्थालाई आवश्यक पर्ने सम्पत्तिहरूको खरिद विवरण संलग्न वासलातको अनुसूची ४.११ बमोजिम रहेको छ । दफा १४१ आकर्षित हुने गरी कुनै सम्पत्ति खरिद तथा बिक्री नभएको ।

(ढ) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरणः

आफ्नो कारोवार तथा व्यवसायका सिलसिलामा गरिएका कारोवार बाहेक कम्पनी ऐन, २०६३ को दफा १७५ मा उल्लेख भए बमोजिम अन्य कुनै कारोवार भएको छैन ।

(ण) कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुराः

प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुरा छैन ।

(त) अन्य आवश्यक कुराहरूः

यस प्रतिवेदनको उपयुक्त ठाउँमा प्रस्तुत गरिएको ।

Khatiwada Dipesh & Associates
Chartered Accountants

ICAN Reg. No. 866
TPIN: 113196524

INDEPENDENT AUDITOR'S REPORT TO THE SHAREHOLDERS OF SURYODAYA WOMI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

Opinion

We have audited the accompanying financial statements of **Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited** (referred to as "the company" or "SWMF"), which comprises the Statement of Financial Position as on Ashadh 32, 2082 (corresponding to July 16, 2025), the Statement of Profit or Loss and Other Comprehensive Income, the Statement of Changes in Equity and the Statement of Cash Flows for the year then ended, and notes to accounts including a summary of the significant accounting policies.

